# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४६) काठमाडौं, पुस११गते २०५३साल (अतिरिक्ताङ्क५०(ग)

## भाग ३

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको सूचना

नेपाल न्याय सेवा (गठन, समूह तथा श्रेणी विभाजन, नियुक्ति, सरूवा र बढुवा)

(पहिलो संशोधन) नियमहरू, २०५३

नेपाल न्याय सेवा (गठन, समूह तथा श्रेणी विभाजन, नियुक्ति, सरूवा र बढुवा) नियमहरू, २०५१ लाई संशोधन गर्न वान्छनीय भएकोले,

निजामती सेवा ऐन, २०४९ को दफा ७५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "नेपाल न्याय सेवा (गठन, समूह तथा श्रेणी विभाजन, नियुक्ति, सरूवा र बढुवा) (पहिलो संशोधन) नियमहरू, २०५३" रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. नेपाल न्याय सेवा (गठन, समुह तथा श्रेणी विभाजन, नियुक्ति, सरूवा र बढुवा) नियमहरू, २०५१ को नियम ११ मा संशोधनः नेपाल न्याय सेवा (गठन, समूह तथा श्रेणी विभाजन, नियुक्ति, सरूवा र बढुवा) नियमहरू, २०५१ (यस पछि "मूल नियम" भनिएको) को नियम ११ को उपनियम (२) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ ।

(क) "सर्वोच्च अदालत, न्याय परिषद् सचिवालय, प्रशासकीय अदालत वा श्रम अदालतमा रिक्त पदहरूको लागि सर्वोच्च अदालत, न्याय परिषद् सचिवालय, प्रशासकीय अदालत र श्रम अदालतका कर्मचारीहरू"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल नियमको नियम १२ मा संशोधनः मूल नियमको नियम १२ को उपनियम २ मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ ।

"तर कानून समूहमा रिक्त रहेको पदको लागि बढुवा समितिको सचिवालयको काम कानून तथा न्याय मन्त्रालयले गर्नेछ ।"

४. मूल नियमको अनुसूचीमा संशोधनः मूल नियमको अनुसूचीकोः–

(१) अनुसूची-३ को खण्ड (क) को क्रमसंख्या ३ मा रहेका "निजी सहायक" भन्ने शब्दहरू पछि "रजिष्ट्रार" भन्ने शब्द थपिएको छ ।

(२) अनुसूची- ४ को क्र. सं. ५ को सट्टा देहायको क्र. सं. ५ राखिएको छः–

"५. राजपत्र अनंकित प्रथम श्रेणीको पद– मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण"

(३) अनुसूची–६ को,–

(क) खण्ड (ई) को उपखण्ड (क) को सट्टा देहायको उपखण्ड (क) राखिएको छः–

"(क) राजपत्रांकित प्रथम श्रेणीको कर्मचारीको लागि–

१. प्रधान न्यायाधीशले तोकेको सर्वोच्च अदालतको न्यायाधीश –अध्यक्ष

२. न्याय सेवा आयोगको सचिव –सदस्य

३. प्रशासकीय अदालतको अध्यक्ष –सदस्य"

(ख) खण्ड (उ) पछि देहायका खण्ड (उ१) थपिएको छः–

"(उ१) श्रम अदालतः

(क) राजपत्रांकित तृतीय श्रेणीको कर्मचारीको लागि–

१. श्रम अदालतको मुद्दा हेर्ने अधिकारी –अध्यक्ष

२. सर्वोच्च अदालतको सह-रजिष्ट्रार (प्रशासन हेर्ने) –सदस्य

३. न्याय परिषद् सचिवालयको सह-सचिव –सदस्य

५. रुपान्तरः मूल नियमको ठाउँ ठाउँमा प्रयोग भएका "कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "कानून तथा न्याय मन्त्रालय" भन्ने शब्दहरू राखी रुपान्तर गरिएको छ ।

आज्ञाले,
विनोदकुमार देवकोटा
(२) श्री ५ को सरकारको का. मु. सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

६०२
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।